## एक तोला सुनको मूल्य तीन लाख तीन हजार आठ सय



काठमाडौँ(जस)-स्थानीय बजारमा आइतबार पनि सुनचाँदीको मूल्यले कीर्तिमान कायम गरेको छ। शुक्रबारको तुलनामा आइतबार प्रतितोला सुन रु दुई हजार ४०० र चाँदी रु दुई सय ९० ले बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतबार एक तोला छापावाल सुनको मूल्य रु तीन लाख तीन हजार ८०० त्यति नै चाँदीको मोल रु छ हजार ४८० कायम भएको छ।

गत शुक्रबार एक तोला छापावाल सुनको मूल्य रु तीन लाख एक हजार ४०० र त्यति नै चाँदीको मोल रु छ हजार १९० कायम भएको थियो। अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आइतबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ९८७ र त्यति नै परिमाणको सेतो धातु १०३ अमेरिकी डलरमा कारोबार भइरहेको छ।

## आठ वर्षमा दुई सय चार किमी सडक कालोपत्र

पर्वत(जस)-बितेका आठ वर्षमा जिल्लामा २०४ किलोमिटर ग्रामीण सडक कालोपत्र भएका छन्। यो अवधिमा चिसापानी-हुवास-त्रिवेणी-वहाकी-रानीपानी-बर्राचौर २३ किलोमिटर, अर्मादी-खुर्कोट-बनौ सडक १२ किलोमिटर, पातीचौर-देउपुर-भुकदेउराली १२ किलोमिटर, डिमुवा-तिलाहार-राम्जादेउराली ११किलोमिटर कालोपत्र गरिएका हुन्। पूर्वाधार विकास कार्यालयका अनुसार दोबिल्ला-कटुवाचौपारी-मुडिकुवा-फलेवास-ढिक १४ किलोमिटर, हिमालय-विपाङ-नुवार-खनियाँघाट आठ किलोमिटरसहित जिल्लाका ग्रामीण भेगका सडक कालोपत्र भएका छन्। साथै, सोही अवधिमा मोटर सञ्चालन गर्न मिल्ने २४ वटा पक्की पुल निर्माण भएका छन्।

# ५७ अंकले बढेको बजारमा साढे १३ अर्ब बढीको शेयर कारोबार



काठमाडौं(जस)-साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक उल्लेख्य बढोत्तरीसहित बन्द भएको छ। यसदिन नेप्से ५७.५५ अंकले बढेर २,७७२.१७ बिन्दुमा पुगेको छ, जुन अघिल्लो दिनको तुलनामा २.१२ प्रतिशतको वृद्धि हो। यस दिन सेन्सेटिभ इण्डेक्स ८.०५ अंक बढेको छ भने फ्लोट इण्डेक्स ३.९२ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स २.८२ अंक बढेको छ।

यसदिन ३३१ स्टकको कुल १३ अर्ब ७८ करोड ५७ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको छ। यस अवधिमा ३ करोड ९ लाखभन्दा बढी कित्ता शेयर किनबेच भएका छन्। यो किनबेच १ लाख ३३ हजार ५२९ वटा कारोबारमा सम्पन्न भएको हो। आज कारोबार भएका कम्पनीमध्ये २४० वटाको शेयर मूल्य बढेको छ भने १९ वटाको घटेको छ। एक कम्पनीको शेयर मूल्य स्थिर रह्यो, जसले बजारमा व्यापक खरिद चाप देखिएको संकेत गर्छ।

यस दिन ९ स्टकको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। एसवाई प्यानल नेपाल, श्रीनगर एग्रीटेक, नेपाल माइक्रो इन्स्योरेन्स, बन्दीपुर केवबलकार, हिमस्टार उर्जा, माबिलुङ्ग इनर्जी, रिलायन्स फाइनान्स, आँखु खोला जलविद्युत कम्पनी र त्रिशुली जलविद्युत कम्पनीको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो। त्यस्तै, यस दिन क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स र नेपाल वेयरहाउजिङ्गको शेयरमूल्य करिब १० प्रतिशत बढेको छ। कारोबारमा आएको १०.५० प्रतिशत एभरेष्ट बैंक लिमिटेड डिबेञ्चर २०८५ को मूल्य यस दिन सर्वाधिक ५.८० प्रतिशत घटेको छ।

कारोबार रकमका आधारमा यस दिन आँखु खोला जलविद्युत कम्पनी शीर्ष स्थानमा रहेको छ। आज यस कम्पनीको ४३ करोड ५९ लाख रुपैयाँ बराबरको शेयर किनबेच भएको छ। त्यस्तै, यस दिन ग्रीन भेन्चर्सको साढे ३९ करोडभन्दा बढीको शेयर खरिदबिक्री भएको छ भने शिवम् सिमेन्ट्सको कारोबार रकम ३२ करोड रुपैयाँ नाघेको छ। यस दिन १३ वटै उपसमूहको परिसूचक बढेको छ। जसमध्ये होटल तथा पर्यटन उपसमूहको परिसूचक यस दिन सर्वाधिक ३.३५ प्रतिशत बढेको छ। त्यस्तै, यस दिन जलविद्युत, लगानी, जीवन बीमा र उत्पादन तथा प्रशोधन उपसमूहको परिसूचक २ प्रतिशतभन्दा बढी बढेको छ।


**एस.एम.इन्भेष्टमेन्ट् लिमिटेड कम्पनीको आ.व.२०७९/८०, ८०/८१ र ८१/८२ को**

**बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/११**

**श्री आदरणीय संचालक/शेयरधनी महानुभावहरू,**

मिति २०८२ साल माघ ९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको साधारण सभा निम्न मिति, समय र स्थानमा तल उल्लेखित विष्यहरुमा छलफल तथा निर्णय गर्ने गरी तय भएको छ। तसर्थ, सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**सभा बस्ने मिति, समय र स्थान**
**मिति:** २०८२ साल **फागुन ५ गते**, मंगलवार
**समय:** ११: ०० बजे
**स्थान:** कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची**

**क) सामान्य प्रस्ताव**
१) आथिर्क वर्ष २०७९/८०, ८०/८१ र ८१/८२ को संचालक समितिको प्रतिवेदन बारे
२) लेखापरिक्षणको प्रतिवेदन सहित आ.व. २०७९/८०, ८०/८१ र ८१/८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७९/८०, ८०/८१ र ८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुको बारे छलफल गरी स्वीकृत गर्ने।
३) आर्थिक वर्ष २०७९/८०, ८०/८१ र ८१/८२ को लागि लेखा परिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने।

**ख) विशेष प्रस्ताव**
१) आ.व. २०७९/८०, ८०/८१ र ८१/८२ को वार्षिक साधारण सभा पारित गर्ने।
२) संचालक समिति गठन गर्ने सम्बन्धमा छलफल गर्ने।
ग) विविध

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**पुनश्च:** कम्पनीको संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुको सम्बन्धित ठेगानामा पठाईएको छ। साथै कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनी रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०३, काठमाण्डौमा आई निरीक्षण गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ।


## डिजिटल र उत्कृष्ट कारोवार गर्ने मुगुका व्यापारीलाई राष्ट्रिय वाणिज्य बैंकको सम्मान



मुगु(जस)-राष्ट्रिय वाणिज्य बैंकको ६१ औं वार्षिकोत्सवको अवसरमा शनिबार मुगुका ७ जना व्यापारीहरु सम्मानित भएका छन्। वाणिज्य बैंकको (६०४) शाखा कार्यालय मुगुले डिजीटल कारोवार, कृषि व्यवसाय कारोवार, अनलाईन कारोवार र सबैभन्दा बढी कारोवार गर्ने व्यापारीहरुलाई सम्मान गरेको हो।

सम्मानित हुनेमा रविन्द्र टेर्डसका सञ्चालक रवि रावत ,सन्तोस हार्डवयर एण्ड सप्लायर्सका बाँचुकला रावत, एटु जेट किराना पसलका बसन्त बुढा, छाँयानाथ कोशेली घरका सञ्चालक चेतना शाही ,आर.बि सप्लायर्सका प्रोप्राइटर रामभक्त रोकाया ,गौरी स्टोरका कमल बहादुर बुढा, शोभा जनरल स्टोर एण्ड सप्लायर्सका प्रोपाइटर मनशोभा बोगटी रहेका छन्। विगतका दिनमा लेजर र रजिस्टरमार्फत बैंकिङ कारोबार हुँदै आएको समय देखि नै निरन्तर रूपमा बैंकिङ सेवामा आबद्ध हुँदै आएको बताउँदै सेवाग्राहीहरूले पछिल्ला वर्षहरूमा बैंकिङ प्रणाली आधुनिक, डिजिटल र प्रविधिमैत्री बनेसँगै थप विश्वासका साथ नियमित कारोबार गर्दै आएको बताएका छन्।

सन्तोष हार्डवेयर एण्ड सप्लायर्सकी प्रोप्राइटर बाँचुकला रावतले बैंकिङ कारोवार गर्दा आफ्नो सम्पत्ति सुरक्षित हुने पूर्ण विश्वास रहेको बताउँदै बैंकले ग्राहकलाई सम्मान गर्ने कार्यक्रममार्फत आफू सम्मानित हुँदा अत्यन्तै खुसी लागेको प्रतिक्रिया दिइन्। उनका अनुसार, समयअनुसार बैंकिङ प्रणालीमा आएको सुधार र प्रविधिको प्रयोगले सेवा थप सहज र भरपर्दो बनेको छ। देशभरका ७७ वटै जिल्लामा शाखा सञ्जाल विस्तार गरी सेवा प्रदान गर्दै आएको राष्ट्रिय वाणिज्य बैंक समयानुकूल प्रविधिमैत्री डिजिटल माध्यमबाट समेत सञ्चालन हुँदै आएको विश्वासिलो बैंकका रूपमा स्थापित रहेको छ।

राष्ट्रिय वाणिज्य बैंक गमगढी शाखा, मुगुबाट लामो समयदेखि बैंकद्वारा प्रदान गरिँदै आएका विभिन्न सेवाहरूको सबैभन्दा बढी प्रयोग गर्दै आएका सात जना सेवाग्राहीलाई बैंकको स्थापना दिवसको अवसरमा सम्मान गरिएको शाखा प्रबन्धक मुन बहादुर बुढाले जानकारी दिए।

## रौतहटको जयनगरमा फर्निचर मेला

रौतहट(जस)-यहाँस्थित गरुडा नगरपालिका-१ जयनगरमा काठ तथा फलामका सामग्रीको फर्निचर मेला जारी रहेको छ। श्रीपञ्चमीको अवसर पारेर शुक्रबारदेखि थालिएको सो मेलामा घरायसी प्रयोजनका काठका फर्निचरका साथै कृषिसँग सम्बन्धित फलामका विभिन्न सामग्री बिक्रीका लागि राखिएका छन्। मेला दुईमहिनासम्म जारी रहने छ।

विसं २०६५ देखि निरन्तर रूपमा आयोजना हुँदै आएको यो मेला हरेक वर्ष सञ्चालन हुँदै आइरहेको छ। ग्रामीण क्षेत्रमा लाग्ने यो मेला आकार, व्यापार र सहभागिताका हिसाबले देशकै ठूलो ग्रामीण फर्निचर मेलाका रूपमा परिचित हुँदै गएको नेपाल विश्वकर्मा लोहार सङ्घका अध्यक्ष विवेक शर्माले बताए। मेलामा पलङ, डाइनिङ सेट, कुर्सी, खाट, खटिया, चारपाई, बेञ्च, ढोका, टेबल, ड्रेसिङ टेबल, झ्याल, दराज, बालबालिकाका खेलौनालगायत घरायसी प्रयोगका प्रायः सबै प्रकारका काठका फर्निचर उपलब्ध छन्। त्यसैगरी फलामका कोदालो, हँसिया, कुटो, बञ्चरो, खुकुरीलगायत सामग्री पनि बिक्रीका लागि राखिएको उनले जानकारी दिए।

मेलामा रौतहट, सर्लाही, महोत्तरी, बारा, पर्सालगायत विभिन्न जिल्लाका दुई सयभन्दा बढी फर्निचर व्यवसायीले आफ्ना सामग्री बिक्रीका लागि ल्याएका छन्भने फर्निचर आउने क्रम अझै जारी रहेको अध्यक्ष शर्माले बताए। मेलामा नेपालका विभिन्न स्थानबाट मात्र नभई भारतको बिहार प्रान्तबाट समेत उपभोक्ता तथा व्यापारी आएर घरायसी प्रयोग र पुनः बिक्रीका लागि फर्निचर खरिद गर्ने गरेको उनले जानकारी दिए।

जयनगर फर्निचर मेलामा अन्य स्थानको तुलनामा २५ प्रतिशतभन्दा बढी सस्तोमा फर्निचर उपलब्ध हुने र आफ्नै काठ प्रयोग गरी स्थानीय सीप र श्रमबाट फर्निचर निर्माण गरिने भएकाले मूल्य तुलनात्मक रूपमा सस्तो पर्ने अध्यक्ष शर्माको भनाइ छ। विवाहमा दाइजोका लागि फर्निचर खरिद गर्नेहरू तथा सस्तो र गुणस्तरीय सामान खोज्ने उपभोक्ताको पहिलो रोजाइ यो मेला बनेको छ।

मेलाबाट रौतहट, सर्लाही, बारा, पर्सा, धनुषा, काठमाडौँ, पोखरा, विराटनगर, जनकपुरलगायत नेपालका विभिन्न भाग तथा भारतको बिहार प्रान्तका सीतामढी, पूर्वी चम्पारण, मुजफ्फरपुर र पटनासम्म फर्निचर ढुवानी हुँदै आएको उनले जानकारी दिए। यातायातको सहज पहुँच, गुणस्तरीय सामग्री र सस्तो मूल्यका कारण जयनगरको फर्निचर मेला उपभोक्ता र व्यवसायी दुवैका लागि आकर्षणको केन्द्र बन्दै गएको उहाको दाबी छ।


**नेपाल सरकार**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७७-०७-२० मा दर्ता भएको **दीप राइस मिल (प्रा.लि.नं. २४६७३४)** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **30 दिन भित्र** यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७५-११-२३ मा दर्ता भएको **इन्फिनिटी हेयर एण्ड स्पा स्टुडीयो (प्रा.लि.नं. २१०१७३)** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **30 दिन भित्र** यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।


## अण्डाको माग र मूल्य बढ्यो

चितवन(जस)-प्रतिनिधिसभाको निर्वाचन नजिँकिदैगर्दा जाँदा अण्डाको माग उच्च भएको छ। माग बढेसँगै अण्डाको मूल्य पनि क्रमशः बढ्दै गएको छ। नेपाल लेयर्स कुखुरापालक सङ्घले आइतबारदेखि लागू हुनेगरी अण्डाको मूल्यमा वृद्धि गरेको हो। यसअनुसार ठूलो अण्डा एक क्रेट (३० वटा)को फार्म मूल्य रु चार सय ९५ पुगेको छ। यसअघि प्रतिक्रेट रु चार सय ६५ मा बिक्री गरिएको ठूलो अण्डाको मूल्य रु ३० ले बढेको हो। यस्तै मझौला अण्डाको फार्म मूल्य रु चार सय ७५ कायम गरिएको छ। यसअघि यो अण्डा रु चार सय ४५ मा बिक्री हुँदै आएको थियो।

गत मङ्सिरमा अण्डाको मूल्य हालसम्मकै उच्च भएको थियो। तत्कालीन समयमा फार्ममा ठूलो अण्डा रु पाँच सय ६५ प्रतिक्रेटमा बिक्री भएको थियो। मझौलाको रेट रु पाँच सय ५० थियो। सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार नेपालमा निर्वाचनको माहोल बन्नु, निर्वाचनसँगै सीमा क्षेत्रमा भएको कडाइका कारण अण्डाको मूल्यमा वृद्धि भएको हो।

अण्डा उत्पादन गर्ने कुखुरामा कमी आउँदा अण्डा उत्पादन कम हुनु, बन्द भएका विद्यालयहरू खुल्नुलगायत कारणले अण्डाको मूल्यमा क्रमिक सुधार आउन लागेको हो। अण्डाको उत्पादन लागत मूल्य प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्न आउँछ।


**कालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रेडक्रसग्राम, चितवन**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मिति: २०८२-१०-१२)**

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| S. N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 15/Works/NCB/KM/2082/083 | Samipur towards east Canal Lining Works Kalika 2 | 2082-08-24 B.S / (10th December, 2025) | 28,15,654.67 | Ugrachandi Builders, Bharatpur -11,Chitwan | |
| 1. | 17/Works/NCB/KM/082/083 | Different Canal Construction in Ward No. 6 and 7 | 2082-09-09 B.S / (24th December, 2025) | 40,92,977.54 | Kapileshwor Nirman Sewa, Panchakanya -2, Nuwakot | |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७३-०९-११ मा दर्ता भएको **रहमान वर्ल्ड वाइड टुर्ज एण्ड ट्राभल्ज (प्रा.लि.नं. १६०७३५)** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **30 दिन भित्र** यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७०-१०-२० मा दर्ता भएको **रहमान इन्ष्टिच्युट अफ मेडिकल साइन्स (प्रा.लि.नं. ११९२०१)** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **30 दिन भित्र** यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८।०९।१२ मा दर्ता भएको प्रा.लि.नं. ८९०९८ को **लालहरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१०।११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।